# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको कार्यविवरण

## कार्यविवरण

प्रादेशिक लक्ष एवं कार्यनिति बमोजिम पशुपन्छी तथा मत्स्य विकासका लगि उच्चतम प्रविधि, ज्ञान र सिपको समुचित उपयोग गर्दै उत्पादन तथा उत्पादकत्व अभिबृद्धि, विविधिकरण, बजारिकरण र व्यवसायिकरणको माध्यमबाट गरिबि न्यूनिकरण, स्वरोजगार श्रृजना तथा आर्थिक सम्मृद्धि हासिल गर्ने मूल ध्येयका साथ निम्न कार्यहरु तपशिलका ४ वटा शाखाबाट संचालन गर्ने/ गराउने ।

१। पशु चिकित्सा तथा प्रयोगशाला शाखा

- पशुपन्छी रोग अन्वेषण तथा निदान गर्ने ।
- विशिष्टिकृत पशुपन्छी तथा मत्स्यका लागि औषधोपचारसेवा संचालन गर्ने।
- पशुपंक्षीलाईशल्यचिकित्सासेवाउपलव्धगराउने।
- पशुपन्छीको परिक्षण तथा रोगनिदानका लागि आधुनिक प्रविधिको सेवा उपलब्ध गराउने।
- पशुपन्छी रोग सर्भिलेन्स गर्ने ।
- पशुपन्छी तथा माछाका लागि प्रयोगशाला सेवा संचालन गर्ने।
- उच्च प्रविधियुक्त रेडियोलोजीकल सेवा उपलब्ध गराउने । अल्ट्रासोनोग्राफी, एक्स रे लगायतका सेवा उपलब्ध गराउने ।
- आवश्यकता अनुसार कार्यक्षेत्र भित्र विशिष्टकृत सेवा सहित विशेषज्ञबाट घुम्ती स्वास्थ्य शिविर, बाझोपन निवारण शिविर सञ्चालन गर्ने ।
- दुध, रगत, गोवर, पिसाव र छालाको नमुना परिक्षण गर्ने ।
- दुध, रगत, गोवर, पिसाव र छालाको कल्चर सेवा सन्चालन गर्ने ।
- एन्टिबायोटिक सेन्सिटिभिटी परिक्षण सेवा सन्चालन गर्ने ।
- ईपिडेमियोलोजोकिल सर्भिलेन्स तथा रिपोर्टिङ्ग समन्वयगर्ने।
- कार्यक्षेत्र भित्र शल्य चिकित्सा सेवा तथा रेबिजरोग नियन्त्रणका लागि घरपालुवा तथा सामुदायिक कुकुर नियन्त्रण तथा बन्ध्याकरण सेवा सन्चालन गर्ने ।
- कार्यक्षेत्रमा खोपको माग तथा आपूर्ति व्यवस्थापनगर्ने।
- उत्पादित पशुपन्छी,माछा , पशुपन्छी जन्य उत्पादनको स्वच्छता तथा स्वस्थता निर्धारण गर्दै भेटनरी स्वास्थ्य प्रमाणपत्र जारी गर्ने।
- कार्यक्षेत्र भित्र पशु स्वास्थ्य नियमन सेवा सञ्चालन सहजीकरण गर्ने।
- कार्यक्षेत्र भित्र पशुपंछीजन्य महामारी एवं प्रकोप व्यवस्थापन गर्ने।
- कार्यक्षेत्रमा पशुस्वास्थ्यनियमन कार्यान्वयन गर्ने।

- कार्यक्षेत्रमा जुनोटिक रोगहरुको रोकथाम नियन्त्रणगर्ने।
- कार्यक्षेत्रमा घुम्ती भेटेरिनरी सेवा प्रवाह गर्ने।
- आधुनिक पशु उपचार सम्बन्धी प्रविधी हस्तान्तरण तथा विस्तार गर्ने।
- कार्यक्षेत्रमा पशु स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालन गर्ने ।
- कार्यक्षेत्रभित्र कार्यक्रमको अनुगमन गर्ने, पृष्ठपोषण गर्ने, दुध, फुल, मासुको पसल एवं वधस्थल अनुगमन व्यवस्थापन गर्ने।
- एक स्वास्थ्यको अवधारणा कार्यान्वयन गर्न कार्यक्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुसंग समन्वय गर्ने।
- प्रचलित कानून बमोजिम अन्य कार्य गर्ने ।

**२। पशु विकास तथा प्रविधि प्रसार शाखा**

- तरल नाइट्रोजन र जमेको विर्य भण्डारण र वितरण एवं सामुदायिक पशु प्रजनन् सेवा सन्चालन।
- कार्यक्षेत्र मातहतमा केन्द्रको समन्वय/ पशु प्रजनन् सँग संवन्धित समस्याहरुको निराकरण गर्न बिशेष कार्यक्रमहरु संचालन गर्ने ।
- स्थानिय तहको कार्य सम्पादनस्तरमा रहेको कमी परिपूर्ति गर्न आवश्यक सहयोग गर्ने
- कार्यक्षेत्रमा देखा परेका चुनौतिहरुलाई सम्बोधन गर्न अध्ययन, परिक्षण, अनुसन्धान सेवा प्रवाह गर्ने।
- कार्यक्षेत्र भित्र आवश्यक घाँसको वीउ, सेट्स, आदिको माग संकलन तथा आपूर्ती ब्यवस्थापन सहजीकरण गर्ने।
- पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्रीको सम्वन्धी तथ्याङ्क व्यवस्थापन गर्ने।
- पशुपन्छी प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण गर्ने।
- कृषि र पशुपन्छी बीमा सम्वन्धी योजना कार्यान्वयन गर्ने।
- पशुपन्छी निजि फार्म तथा स्रोत केन्द्रहरुको विकास र व्यवस्थापन गर्ने।
- असल पशुपालन अभ्यास प्रबर्द्धन तथा विस्तार, प्रविधि विस्तार, यान्त्रिकरण व्यवस्थापन गर्ने।
- क्षमताअभिवृद्धि, सामाजिक परिचालन, जनचेतना अभिबृद्धि तथा संस्थागत सुधार गर्ने।
- ऊन तथा पश्मिनाको प्रवर्द्धन गर्ने।
- प्रविधि प्रसारकालागि पशुसेवा सूचना केन्द्र तथा अभिलेखालय संचालन, तालिम सामाग्री निर्माण गर्ने।
- दुध, फुल, मासुमा आत्मनिर्भर हुन आफ्नो क्षेत्रभित्र कार्ययोजना तयार गर्ने एवं अभियान कार्यक्रम कार्यान्वयन गर्ने।
- पशुपन्छी तथा मत्स्य विमा तथा सहुलियत व्याज दरको कृषि कर्जा प्रवाहमा समन्वय र सहजिकरण गर्ने ।

३। मत्स्य विकास शाखा

- कार्य क्षेत्रका स्थानिय तहहरुलाइ मत्स्य व्यवसाय प्रवर्द्धनमा प्राविधिक सहयोग गर्ने
- कार्यक्षेत्र भित्र मत्स्य पालनमा देखिएका समस्या समाधानमा समन्वय गर्ने
- कार्यक्षेत्रको मत्स्य सम्बन्धी तथ्यांक अद्ध्यावधिक गर्ने
- कार्यक्षेत्रमा देखा परेका मत्स्य पालनसंग सम्बन्धीत चुनौतिहरुलाई सम्बोधन गर्न अध्ययन, परिक्षण, अनुसन्धान सेवा प्रवाह गर्ने।
- मत्स्य गुणस्तरीय उत्पादन सामाग्री व्यवस्थापन र नियमन सम्बन्धी कार्यमा सहयोगी भूमिका खेल्ने ।

४। प्रशासन शाखा

- कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने ।
- लगायत अन्य सम्पूर्ण प्रशासनिक कार्यहरु संचालन गर्ने
- कार्यालयको लेखातथाश्रेस्ताव्यवस्थापनसम्बन्धीकार्यगर्ने
- जिन्सीतथास्टोरव्यवस्थापनगर्ने ।
- जनशक्तिव्यवस्थापनगर्ने ।